# राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ साउन २६ गते

## सुर्खेतमा दुई जनाको मृत्यु भएको घटनाप्रति आयोगको ध्यानाकर्षण, वार्ता र संवादको माध्यमबाट समस्या समाधान गर्न आग्रह ।

प्रदेश सीमांकनविरुद्ध केही जिल्ला र क्षेत्रमा भएको विरोधको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । अखण्ड मध्यपश्चिमको माग गर्दै सुर्खेतमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर दुई जनाको मृत्यु भएको तथा केही सर्वसाधारण घाइते भएको घटना र मृतकका परिवारजनप्रति आयोग दुःख व्यक्त गर्दै घाइतेको प्रभावकारी उपचार गर्न सरकारलाई आग्रह गर्दछ ।

विरोध प्रदर्शनका क्रममा प्रदर्शनकारीले सरकारी सवारी साधन, राजनैतिक दलका कार्यालय तथा व्यक्तिगत सम्पत्तिमाथि आगजनी गरेपछि भिडलाई नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको पाइएको छ । प्रदर्शनलाई थप हिंसात्मक नबनाउन तथा संयमित रहन आयोग प्रहरी, प्रशासन र प्रदर्शनकारीलाई आग्रह गर्दछ ।

सीमांकन विरुद्ध मध्यपश्चिम तथा सुदूरपश्चिमका जिल्ला लगायत अन्य जिल्लाहरुमा भएको विरोध बढ्दै गएपछि आफ्ना मागहरु शान्तिपूर्ण रुपमा राख्न पनि आयोग प्रदर्शनकारीहरुलाई आग्रह गर्दछ ।

यस्तै सीमांकनको विरोधमा केही जिल्लामा भएको बन्दका कारण नागरिकको स्वतन्त्रतापूर्वक हिडडुल गर्न तथा व्यापार व्यवसाय गर्न पाउने अधिकार हनन हुन पुगेको छ ।

वार्ता र संवादको माध्यमबाट देशमा जारी असहज परिस्थितिको समाधान गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

आफुलाई लागेको विचार तथा शान्तिपूर्ण ढंगबाट विरोध गर्न पाउने नागरिकको अधिकार प्रयोग गर्दा कहिं कतैबाट हस्तक्षेप हुन नहुनेमा आयोग विश्वस्त छ ।

देशमा शान्ति र सुव्यवस्था कायम राख्न तथा नागरिकलाई शान्ति सुरक्षाको अनुभूति दिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org